# भूमि अधिकार अभियान
## मासिक खबर

वर्ष : २ अङ्क : १३ साउन, २०७२


### मस्यौदा संविधान परिमार्जनको प्रस्ताव

संविधानको प्रारम्भिक मस्यौदामाथि राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले परिमार्जनको प्रस्ताव पेश गरेको छ । यस्तो प्रस्ताव संविधान सभा सदस्य, सभाध्यक्ष, संविधानका मस्यौदाकार र दलका नेताहरूलाई बुझाइएको थियो । साथै साउन ४ र ५ गते जिल्ला-जिल्लामा भएको सुझाव सङ्कलनको क्रममा पनि भूमि अधिकार मञ्चका अगुवा तथा सदस्यहरू सहभागी भई संविधानमा छुट्न नहुने भूमि सुधार मुद्दाबारेमा आफ्नो सुझाव पेश गरेका छन् ।

राष्ट्रिय मञ्चका प्रतिनिधिले नेपाली काँग्रेसका रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला र गगन थापा, नेकपा एमालेका केपीशर्मा ओली, माधवकुमार नेपाल र अग्नी खरेल, एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, नेता डा. बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ, सभामुख सुवासचन्द्र नेम्वाङसँग भेटी भूमि सुधारको मुद्दाबारे छलफल गरी सुझाव पेश गरिएको छ ।



#### सुझाव प्रतिवेदनमा समावेश भएको मञ्चको प्रस्ताव

**भाग- ३ मौलिक हकमा**

१. भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने भनिएकोमा वास्तविक मोही किसानको हक स्थापित गर्दै दोहोरो स्वामित्व अन्त्य गर्ने व्यवस्था गर्नुपर्ने ।

२. धाार्मिक स्वतन्त्रताको हकअर्न्तगत गुठी सञ्चालन र संरक्षणका सन्दर्भमा मोही किसानहरूले जोत भोग गर्दै आएको गुठी जग्गामा किसानका हक स्थापित गर्न बाधा नपुग्ने व्यवस्था थप गरिनुपर्ने ।

३. भूमि व्यक्तिको मौलिक अधिकारमा नराखि राष्ट्रको अधिनमा राखिनुपर्ने ।

**भाग ४- राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व**

१. धारा ५५ खण्ड (ङ) मा ६ पछि ७ नं. थप गर्नुपर्नेः "गुठी जग्गा जोतभोग गरिआएका किसानलाई कानुन बमोजिम जग्गा उपलब्ध गराउने ।"

**भाग- १० संघीय आर्थिक कार्यप्रणाली**

१. धारा ११९ को संघीय सञ्चित कोषमा उल्लेख भएको "गुठी रकम बाहेक" भन्ने शब्द हटाउनु पर्ने ।

**भाग- ३४ को विविध**

१. भूमि सुधारसम्बन्धी संवैधानिक आयोगको व्यवस्था हुनुपर्ने ।

संविधान सभा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले साउन ११ गते संविधान सभामा पेश गरेको प्रतिवेदनमा भूमि अधिकार मञ्चबाट पेश गरिएको सुझाव समावेश गरिएको छ । (हेर्नुहोस् बक्स)

### संविधान मस्यौदाबारे अन्तरक्रिया

संविधान सभाबाट जारी भएको नेपालको संविधान २०७२ को प्रारम्भीक मस्यौदामा साउन ६ गते स्टाफ कलेज जावलाखेलमा अन्तरक्रिया गरियो । अन्तरक्रिया राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र राष्ट्रिय कृषक महासंघको संयुक्त आयोजनामा भएको थियो । सो अवसरमा संविधान २०७२ मा भूमिहीन र साना किसानका सवालहरू सम्बोधन गर्न दलका मुख्य नेताहरूसँग दोहोरो छलफल गरिएको थियो । कार्यक्रममा पूर्व प्रधानमन्त्री एवम् एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, एमाओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ,

नेपाली काँग्रेसका उपसभापति रामचन्द्र पौडेललगायत कृषि तथा भूमि अधिकार अभियानमा कार्यरत सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी थिए । कार्यक्रममा सहभागी राजनीतिक दलका नेताहरूले आगामी संविधानमा भूमिहीन तथा किसानको मुद्दा उचितरूपमा समेटीने र त्यसको लागि आफूहरूले सक्दो भूमिका खेल्ने प्रतिवद्दता व्यक्त गरेका थिए ।

## वन र भूमिहीन किसानको सम्बन्धबारे राष्ट्रिय छलफल



एशियाली किसान सङ्गठन र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको सहकार्यमा नेपालमा वन नजिक रहेका किसान तथा उत्पादक समूहहरूको अवसर, समस्या र चुनौती विषयक राष्ट्रियस्तरको छलफल आयोजना भयो ।

साउन १२ र १३ गते भएको उक्त राष्ट्रिय छलफलमा बारा र नवलपरासीमा भएको जिल्लास्तरीय छलफलको निचोड प्रस्तुत गरिएको थियो । वनमा आधारित किसानहरूको दीगो जीविका विषयमा कृषि मन्त्रालयका योजना प्रमुख राजेन्द्र अधिकारी, भूमि सुधार तथा व्यवस्था मन्त्रालयका तालिम योजना प्रमुख कृष्णराज विसीलगायत वन र कृषिसम्बन्धी सरोकारवाला संस्थाका प्रतिनिधिहरू, जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधिहरूले आ-आफ्नो बिचार प्रस्तुत गरेका थिए ।

छलफलपछि वन स्रोतमा भूमिहीन, साना किसान र सिमान्तकृत समुदायको पहुँच हुनुपर्नेमा सबैले जोड दिएका थिए भने यस्तो वर्गको वन स्रोतमा पहुँच वृद्धि गर्नको लागि सम्बन्धित निकायले ध्यानदिनुपर्ने माग पनि उठेको छ । दुई दिने छलफलपछि खाद्य, कृषि तथा आवासको अधिकार र भूमिहीन सुकुमबासीको वन स्रोतमा पँहुच हुनु पर्नेमा जोड दिँदै १० बुँदे घोषणापत्र जारी भएको छ ।

## संयुक्त पुर्जा बनाउने थपिए

जिल्ला भूमि अधिकार मञ्चमार्फत जारी अभियानमा सङ्गठित भई संयुक्त पुर्जा निर्माण अभियान क्रम जारी छ । अभियानमा सङ्गठित भई गत महिनासम्म २ हजार ६ सय ६१ जोडी किसानले ९१४.३ हेक्टर क्षेत्रफल जग्गामा संयुक्त पुर्जा निर्माण गरिसकेका छन् ।

यस महिना ललितपुर जिल्लाको देवीचौर गाविसका १६ जोडी किसानले ४.९५ हेक्टर क्षेत्रफल जग्गामा र ओखलढुङ्गा कटुन्जेका गाविसका १ जोडीले ४ आना क्षेत्रफलको जग्गामा संयुक्त पुर्जा बनाएका छन् । जिल्ला भूमि अधिकार मञ्च र जिल्ला मालापोत कार्यालय, ललितपुरले देवीचौर गाविसमै संयुक्त पुर्जा निर्माण शिविर सञ्चालन गरेका थिए ।

## पुनर्निर्माणको लागि नगद सहयोग



पुनर्निर्माणको लागि सामुदायिक अभियानअर्न्तगत सिन्धुपाल्चोकको महाँकाल गाविस वडा नं. ३, ४, ५, ६ र ७ मा अस्थाई आवास निर्माण गरिसकेका ४ सय ५१ परिवारलाई कामका लागि नगद

कार्यक्रम अन्तर्गत प्रति घरधुरी १५ हजार रुपियाँ (चेक) वितरण गरियो । वितरण गरिएको चेक महिलाहरूले लिन पाउँदा निकै खुसी थिए । उनीहरूमध्ये धेरै पहिलो पटक बैंकमा चेक लिएर जाँदैछन् । भुकम्प प्रभावितहरूले अस्थाई आवास निर्माण कार्यमा श्रम गरेवापत उक्त रकम उपलब्ध गराइएको हो । एक्सनएड नेपालसँगको सहकार्यमा आत्मनिर्भर केन्द्रले हेलम्बु, किउल, ईचोक, महाँकाल र तालामाराङ गाविसमा पुनर्निर्माणको काम अगाडि बढाइरहेको छ ।

### बेदखली विरुद्ध विरोध सभा



जिल्ला भूमि अधिकार मञ्च, बर्दियाको आयोजनामा मगरागढी गाविस जैनगर बजारमा बस्ति बेदखली विरुद्ध विरोध सभा भयो । विरोध सभामा मगरागढी, पदनाहा, बानियाँभार र गुलरिया नगरपालिकाबाट ३ हजारभन्दा बढी भूमिहीन सुकुमबासीहरू सहभागी भएका थिए ।

सभामा भूमिहीन सुकुमबासीहरूले दलका नेताहरूलाई बस्ती संरक्षणका लागि बसोबास गरिरहेको जमिनको स्वामित्व दिलाउने प्रक्रियामा सहयोग गरिदिन आग्रह गरेका छन् । सभालाई जिल्लाका मुख्य दलका नेताहरूले सम्बोधन गर्ने क्रममा भूमिहीनलाई बसिरहेको ठाउँबाट बेदखल नगर्न सम्बन्धित निकायलाई खबरदारी गरेका छन् । दलका नेताहरूले भने- ‘हामी भूमिहीन सुकुमबासीको पक्षमा सक्दो सहयोग गर्ने तयार छौं ।’ साथै, सुकुमबासी बस्ती संरक्षणको लागि जिल्ला भूमि अधिकार मञ्चले प्रमुख जिल्ला अधिकारीलाई भेटी ज्ञापनपत्र समेत बुझाएको छ ।

यस्तै, जिल्ला भूमि अधिकार मञ्च, बर्दियाको समन्वयमा भूमिहीन सुकुमबासीको क्षेत्रमा क्रियाशील सङ्गठनका प्रतिनिधिहरूबीच बढ्दो सुकुमबासी समस्या समाधान गर्न र बस्तीमा भइरहेको ज्यादतीको विरुद्ध उत्रिनको लागि समन्वयात्मक छलफल भयो । छलफलमा मुक्त कमैया सङ्घर्ष समिति, अखिल नेपाल सुकुमबासी सङ्घ, कृषि मजदूर तथा वघान सङ्घ, नेपाल सुकुमबासी सङ्घ, नेपाल दलित सुकुमबासी सङ्घ र जिल्ला भूमि अधिकार मञ्चको प्रतिनिधि सहभागी भएका थिए ।

### भुकम्प प्रभावितलाई सहयोग वितरण



सिन्धुपाल्चोकको बरुवा, भोताङ, दुवाचौर र बाँसखर्क गाविसका भुकम्प प्रभावितहरूलाई सहयोग सामग्रीहरू वितरण गरिएको छ । केयर नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्यमा यी गाविसहरूमा पुनर्निर्माणको काम भइरहेको छ । सञ्चालित कार्यक्रमअन्तर्गत अस्थाई आवास निर्माण गर्न २ हजार ४ सय ७८ परिवारलाई २ बण्डलका दरले जस्तापाता वितरण गरिएको छ । जस्तापाता सहयोग लिएकाहरूमध्ये २२ सय परिवारले अस्थायी आवास निर्माण गरिसकेका छन् भने बाँकीले निर्माण गरिरहेका छन् । चारवटै गाविसमा ४५ जना अगुवा किसानहरूलाई व्यावसायिक टमाटर खेतीको लागि प्लाष्टिक टनेल निर्माण गर्न सहयोग उपलब्ध गराइएको छ । किसानहरूले टनेलमा टमाटरको बीउ राखी खेती सुरु गरेका छन् ।

यस्तै, ३ हजार परिवारलाई प्रति घर एक प्याकेटका दरले तरकारीको बीउ वितरण गरियो । किसानहरूलाई जीविकोपार्जनमा सहयोग पुर्‍याउने ध्येयले काउली, बन्दा, धनियाँ, मुला, केराऊ, सिमी र प्याजको बीउ वितरण गरिएको छ । किसानहरू भुकम्पको पीडा बिर्संदै खेती किसानीमा फर्कन थालेका छन् ।

## भीमदत्त स्मृति दिवस मनाइयो



'कि जोत हलो, कि छोड थलो, होइन भने अव छैन भलो' यहि नारालाई आत्मसाथ गर्दै २००७ सालदेखि किसान क्रान्तिमा होमिएका किसान नेता भीमदत्त पन्तको ६३ औं स्मृती दिवस मनाइएको छ । किसान आन्दोलनमा होमिएका पन्तको पञ्चायत कालमा हत्या गरिएको थियो । उनै नेता पन्तले उठाएको किसानको मुद्दा आजसम्म पनि समाधान हुन नसक्दा भूमिहीन किसानहरू धेरै समस्यामा परिरहेका छन् । भूमिहीन किसानको भूमि अधिकार स्थापित गराउन सङ्गठित आन्दोलन गर्दै आएको भूमि अधिकार मञ्चले एक दशक यता भीमदत्त स्मृती सभा गर्दै आएको छ ।

यस वर्षपनि जिल्ला भूमि अधिकार मञ्चले भीमदत्त स्मृती दिवस पश्चिम क्षेत्रको कैलाली, कञ्चनपुर, डडेलधुरा र बैडतडीमा स्मृती सभा गरी भीमदत्तको सम्झना गरिएको छ । भीमदत्तको सम्झनामा कञ्चनपुरमा ५५२ र बैतडीमा ४ सय विरुवा रोप्ने काम गरिएको छ ।

## डेनमार्क पत्रकारद्धारा गाउँ मञ्च भ्रमण



उदयपुरको त्रियुगा नगरपालिका- १६ को सरस्वती गाउँ भूमि अधिकार मञ्चमा साउन २१ गते केयर नेपाल र डेनमार्कबाट आउनुभएकी पत्रकार नानासहितको टोलीले गाउँ मञ्चको भम्रण गरी सदस्यहरूसँग भूमि अधिकार आन्दोलनबारे छलफल गरेका छन् ।

डेनमार्ककी पत्रकार नानाले नेपालको खाद्य सुरक्षा र भूमिहीनताबारे फिचर लेख लेख्नको लागि समुदायमा पुगी छलफल गरेको जानकारी गराएकी थिइन् । भम्रण टोलीले गाउँ भूमि अधिकार मञ्चका सदस्य तथा अगुवाहरूसँग भूमि अधिकार अभियान, भूमिको सवाल, भूमिहीन सुकुमबासीले भोग्नु परिरहेको समस्या आदि बारेमा छलफल गरेका थिए ।

साथै भूमि अधिकार आन्दोलनमा सङ्गठित भएपछिको उपलब्धी, सङ्घर्षका चरणहरूबारे पनि उनीहरूले छलफल गरी जानकारी लिएका छन् । भम्रण टोलीमा साझेदार संस्था केयर नेपालका प्रकाश काफ्ले र रहमद हुसैन पनि सहभागी हुनुहुन्थ्यो ।

## कृषि उद्यमबाट आम्दानी



ओखलढुङ्गा, जिल्ला भूमि अधिकार मञ्चको सहयोगमा सञ्चालन भइरहेको कृषि उद्यमबाट किसानहरूले आम्दानी लिन थालेका छन् ।

कटुन्जे गाविसका २६ र कुन्तादेवीको १८ गरी ४४ किसानहरूले सञ्चालन गरेको कृषि उद्यम (अकबरे खुर्सानी) बाट आम्दानी लिन थालेका छन् । किसानहरूले उत्पादन गरेको खुर्सानी स्थानीय बजारमा बिक्री हुन थालेका छ । अकबरे खुर्सानीको बजार माग बढी भएको र मूल्य १ केजीको ४०० रुपियाँसम्म पाइने भएकाले अकबरे खुर्सानीतर्फ किसानहरू आर्कषित भएका हुन् । गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित सदस्यहरूलाई कृषि उद्यममार्फत गत वैशाखमा खुर्सानी खेती गर्न सहयोग उपलब्ध गराइएको थियो । साउन अन्तिम साता स्थानीय बजारमा लगि बिक्री गरिएको खुसानीबाटै सुमित्रा धमलाले एकै पटक ४ हजार रुपियाँ आम्दानी लिइन् । उनको यस वर्ष खुर्सानी खेतीबाट ५० हजार रुपियाँसम्म आम्दानी लिने योजना छ । सुमित्रा जस्तै अरु ४४ जना किसानहरूले खुर्सानी बजार लगि बिक्री गर्न थालेका छन् ।

## संस्थागत क्षमता विश्लेषण भयो

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संस्थागत क्षमता विश्लेषण गरिएको छ । साउन ३० गते भूमिघर धापासीमा भएको क्षमता विश्लेषणमा संस्थाका कर्मचारी, कार्यसमिति पदाधिकारी र साझेदार संस्था केयर नेपालका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो ।

संस्थागत क्षमता विश्लेषण विगत ३ वर्षदेखि गरिँदै आएको छ । क्षमता विकासअन्तर्गत सहभागीमुलक कार्यक्रम विकास योजना र यसको कार्यान्वयन, सुशासन र जवाफदेहिता, सहभागीमुलक अनुगमन तथा मूल्याङ्कन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, वित्तिय प्रणाली तथा नीति नियमको पालना र मानव स्रोत र अन्य बन्दोवस्तबारेमा रही सूचकअनुसार विश्लेषण गरिएको थियो । संस्थागत क्षमता विश्लेषणबाट १०० पूर्णाङ्कमा ८९.५० प्राप्ताङ्क आएको छ । क्षमता विश्लेषणपछि सुधारको योजना पनि बनाइएको छ ।

जय भूमि ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल** (NLRF)
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र** (CSRC)
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org